नेपाल सरकार

पुतलीवजार नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## स्वास्थ्य शाखा स्याङ्जा

स्थापित २०७३

गण्डकी **प्रदेश नेपाल**

### औषधी तथा सर्जिकल सामान खरिद सम्बन्धी शिलवन्दी दरभाउपत्र आब्हानको सूचना ।

**प्रथम पटक प्रकाशित मिति २०७५/०५/०८** नयाँ पत्रिका/ राजधानी दैनिक

पुतलीवजार नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुलाई चालु आ.ब.२०७५/०७६ को लागि आवश्यक पर्ने औषधी तथा सर्जिकल सामान शिलबन्दी दरभाउपत्र माध्यमवाट ख़रिद गर्नुपर्ने भएकाले इजाजत प्राप्त रजिष्ट्रर्ड कम्पनी / फर्म वा सप्लायर्सहरुबाट देहायका शर्तहरुको अधीनमा रही रु. १०। को टिकट टाँसी शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सुचना आब्हान गरिन्छ ।

**तपशिल :-**

०१ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध) दिन भित्र दरभाउपत्रको फारम रु. १०००। (फिर्ता नहुने गरी) पुतलीवजार नगरपालिका कार्यालयबाट खरिद गर्न सकिनेछ ।

०२ दरभाउपत्र खरिद गर्दा निवेदन साथ निम्न कागजात संलग्न हुनुपर्ने छ ।

- मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
- आ.ब.२०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि ।
- प्रोप्राईटर स्वयं उपीस्थत हुन नसकेमा निजको आधिकारिक वारिसे सहितको मन्जुरीनामा ।

०३ शिलबन्दी वोलपत्रको सूचना प्रकाशित मितिले १६ औ दिनको दिनको १२ : ०० बजे भित्र दर्ता गराई सक्नुपर्नेछ ।

०४ रित पूर्वक पेश भई दर्ता भएका शिलबन्दी वोलपत्रहरु जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रक कार्यालय का प्रतिनिधि र शिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधिहरुको रोहवरमा दर्ता समय समाप्ती पछि सोही दिन दिउसो १:०० बजे खोलिने छ । साथै शिलबन्दी दरभाउपत्र वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।

०५ रित नपुगेको र म्याद भित्र नआएको शिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

०६ शिलबन्दी दरभाउपत्रका साथ आफुले कबुल गरेको अंकको ५% धरौटी कोष तथा लेखा नियन्त्रक कार्यालय स्याङ्जाको नाममा रहेको नेपाल बैक लिमिटेड स्याङ्जा शाखा स्थित धरौटी खाता न. ख ३ ध ०७२०३०००००००००३००००००९ मा जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त वाणिज्य वैकले यस कार्यालयको नाममा जारी गरेको कम्तीमा १२० दिन मान्य अवधि भएको वैक जमानतपत्र पेश गर्नु पर्ने छ ।

०७ शिलबन्दी दरभाउपत्र पेश गर्दा वोलकवोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्ने छ ।

०८ खरिद गरिएको औषधी तथा सर्जिकल सामानहरुको प्रयोग गर्ने अवधि यस कार्यालयको भण्डारमा दाखिला हुँदाको समयमा कम्तीमा १८ महिना रहेको हुनुपर्ने छ र १८ महिना एक्सपाईरी म्याद हुनेको हकमा कम्तीमा ७५% अवधि बाकी रहेको हुनुपर्नेछ ।

०९ औषधी उत्पादन गर्ने कम्पनीको नाम र देशको नाम उल्लेख गरेको हुनुपर्नेछ ।

१० शिलबन्दी दरभाउपत्र दाताले आपूर्ति गर्ने औषधि **WHOGMP** मान्यता प्राप्त कम्पनीको हुनुपर्ने छ र हरेक प्याकमा ***"नेपाल सरकारवाट निःशुल्क वितरणको लागि"*** भन्ने उल्लेख गर्नुपर्ने छ ।

११ शिलबन्दी दरभाउपत्र फिर्ता वा शंशोधन गर्ने नसकिने र शिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

१२ उपयुक्त शर्तहरु बाहेक अन्य कुराहरुमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियामावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुने छ ।

**तपसिल :-**

| ठेक्का न. | सामानको विवरण | कूल लागत अंक (मु.अ.कर बाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| ०१-०७५/०७६ | औषधि तथा सर्जिकल सामानहरु | १९,४९१७५.०० | ९७५००.०० | |

रुद्र बहादुर मल्ल
(प्रमुख प्रशासकिय अधिकृत)

**(रुद्र बहादुर मल्ल)**
**प्रमुख प्रशासकीय अधिकृत**